# अर्जुनधारा नगरपालिका
# **नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः १६/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/०९/१७

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| सहायक, प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |
| | | |

**मिति २०७७/०९/१७ गते बसेको नगर कार्यपालिका बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।**

१. नगर कार्यपालिकाको कार्यालयबाट कर्मचारीहरु तथा पदाधिकारीहरुको कोभिड १९ विमा गरिएकोमा कोभिड पोजिटिभ भएका विमितहरुको विमा रकम कार्यालयमा प्राप्त भई कार्यालय मार्फत भुक्तानी दिने व्यवस्था भएकाले प्राप्त हुने विमा बापतको रकम १ प्रतिशत सामाजिक सुरक्षा कर कटाई अन्य आयमा आम्दानि बाँधि कोभिड प्रकोप व्यवस्थापन कोष मार्फत खर्च लेख्ने निर्णय गरियो । ( आर्थिक प्रशासन शाखा)

२. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको दफा २ (३) बमोजिम पेश हुन आएको देव्या श्री निर्माण एण्ड सप्लायर्स प्रा.लि. अर्जुनधारा-९ लाई नयाँ इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।( योजना/ प्राविधिक शाखा)

३. अर्जुनधारा नगरपालिकाका निम्न बमोजिम स्थानहरुमा आवतजावतका लागि पुल निर्माणको अति आवश्यकता रहेको हुनाले उक्त स्थानमा ट्रस ब्रिज निर्माणका लागि स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन ब्रिज डिभिजन लाई अनुरोध गरी पठाउने निर्णय गरियो ।( योजना शाखा)

**क)** कुलप्रसाद बराल घर छेउ, अर्जुनधारा-१०

**ख)** कालिझोडा- सेतिखोला हुँदै ११ नं जाने बाटो, अर्जुनधारा-१०

**ग)** दुधे खोला, अर्जुनधारा-२

**घ)** रोड गा.पा.बाट सहकाले जाने बाटोमा पर्ने टाडटिड खोला, अर्जुनधारा-२

४. राष्ट्रिय योजना आयोगबाट प्रदेश र स्थानीय तहमा आर्थिक वर्ष २०७८/०७९ का लागि संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/ कार्यक्रमका लागि प्रस्ताव आव्हान गरी मिति २०७७/०८/३० मा प्रकाशित सूचना बमोजिम यस नगरपालिकामा देहाय बमोजिमका आयोजनाहरु सञ्चालनका लागि प्रस्ताव तयार गरी आयोजना माग गरी पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।साथै, समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको लागि नगरपालिकाको तर्फबाट वहन गर्नुपर्ने साझेदारी रकम नगरपालिकाको स्वीकृत बजेटको समपूउरक कोषमा विनियोजन गरिएको बजेटबाट व्यहोर्ने समेत निर्णय गरियो ।

( योजना शाखा/ प्राविधिक शाखा)

**(क) समपूरक अनुदान**

i. बिरिङ्ग खोला पूर्व बिरिङ्ग मार्ग निर्माण तथा तटबन्धन/अर्जुनधारा-६ स्थित विभूती मार्ग नाला सहितको कालोपत्रे सडक निर्माण

**(ख) विशेष अनुदान**

i. अर्जुनधारा नगरपालिका वडा नं ५ निम्न बमोजिम विद्यालयहरुको भवन निर्माण
   - भानु माध्यमिक विद्यालय इञ्जिनियरिङ्ग ब्लक भवन निर्माण
   - नवज्योति आधारभुत विद्यालय भवन निर्माण
   - श्री आधारभुत विद्यालय,कञ्चबारी भवन निर्माण
   - समाजसेवी प्राथमिक विद्यालयको भवन निर्माण

ii. अर्जुनधारा नगरपालिका वडा नं ११ का निम्न बमोजिम विद्यालयहरुको भवन निर्माण
   - महारानीगञ्ज माध्यमिक विद्यालय
   - जुनकिरी प्राथमिक विद्यालय

iii. अर्जुनधारा नगरपालिका वडा नं ८ मा कृषि उपज(धान, मकै) सङ्कलन तथा प्रशोधन केन्द्र निर्माण

iv. अर्जुनधारा नगरपालिका वडा नं २ सहकाले खानेपानी आयोजना

५. अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को हिउँदे नगर सभा मिति २०७७ साल पौष २८ गते मङ्गलबार, दिनको ठिक ११ बजे अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित जुकेखाडी सामुदायिक वनको कैदले (ग्रिनरी हाउस)

भवनमा उद्घाटन गर्ने र सो सभालाई १ नं प्रदेश सभाका माननीय सांसद श्री वृख प्रधान, जिल्ला समन्वय समिति झापाका प्रमुख र झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्बोधनका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।साथै, नेपाल बार एसोसिएसन, झापाका अध्यक्षलाई अतिथीको रुपमा आमन्त्रण गर्ने गरी व्यवस्थापकीय तयारीका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( प्रमुख प्रशासकीय अधिकृत/ कर्मचारी प्रशासन शाखा)

६. नगरपालिका कामकाजको शिलशिलामा नगर प्रमुख श्री हरिकुमार रानाज्यूको मिति २०७७/०९/०३ देखि २०७७/०९/१५ गते सम्मको काठमाण्डौं भ्रमण काज स्वीकृत गर्ने निर्णय गरियो ।साथै, उक्त अवधिमा श्रीमान प्रमुखज्यूबाट सम्मानित सर्वोच्च अदालत लगायत नेपाल सरकारका विभिन्न मन्त्रालयहरुमा गई गरिएको कार्यालयको कामको सम्बन्धमा प्रतिवेदन पेश भई बैठकमा जानकारी भयो । (आर्थिक प्रशासन शाखा)

७. क. अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित शनिश्चरे बजारको सडकमा नाला निर्माण तथा वडा नं ५ को कैलासघाटबाट पूर्व कञ्चनबारी जाने भित्री रिङ्गरोडमा पर्ने सडक कालोपत्रे सडक निर्माण गर्नु आवश्यक भएकाले शहरी विकास तथा भवन निर्माण आयोजना,भद्रपुर मार्फत नेपाल सरकार, शहरी विकास मन्त्रालयमा उक्त आयोजना सञ्चालनका लागि अनुरोध गर्ने निर्णय गरियो ।( योजना शाखा)

**ख**. अर्जुनधारा नगरपालिका वडा नं १ मा चेक ड्याम निर्माण गरी वडा नं १, ४, ७ मा रहेको करिब ८००० विगाहा क्षेत्रफल रहेको कृषि योग्य भुमिमा सिँचाई गरी स्थानीय उत्पादन अभिवृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभिप्राय हासिल हुने कार्यका लागि उक्त आयोजना स्वीकृत गरी आवश्यक बजेट समेत विनियोजन हुन नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।( योजना शाखा)

ग. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित साठीमुरेमा नगर गौरवको आयोजनाका रुपमा रहेको बुद्ध प्रतिमा स्थापनाका लागि नगरपालिकाबाट विस्तृत परियोजना प्रतिवेदन तयारी भई सकेकोमा उक्त परियोजना अघि बढाउन लागत स्टमेट अनुसारको बजेट व्यवस्थाका लागि पर्यटन कार्यालय, झापा मार्फत सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।( योजना शाखा)

घ. अर्जुनधारा नगरपालिका वडा नं ४ मदन आश्रित मार्गमा पर्ने टाङटिङ खोलामा पुल नभई दहिझोडा क्षेत्रका वासिन्दालाई आवात जावतमा अत्याधिक समस्या रहेकाले उक्त स्थानमा पुल निर्माणका लागि नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सडक विभाग, बबरमहल, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।( योजना शाखा)

ङ. अर्जुनधारा नगरपालिकाको नगरकै महत्वको योजनाको रुपमा रहेको बाहिरी चक्रपथ निर्माण गर्नका लागि नेपाल सरकार, १ नं प्रदेश सरकार तथा यस नगरपालिकाको संयुक्त साझेदारीमा निर्माणका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

८. अर्जुनधारा नगरपालिका, ४ नं वडा कार्यालय सञ्चालनका लागि साविक सम्झौता बमोजिम हाल वहालमा लिएको भवनका लागि मासिक रु २०,०००/- (बिस हजार मात्र) उपलब्ध गराउने गरी बहाल सम्झौताका लागि पेश भएकोमा स्थानीय बजार मूल्य समेतको अनुगमन गरी प्रचलित दरभाउमा उचित देखिएको दर कायम गरेर मात्र बहाल सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( आर्थिक प्रशासन/ जिन्सी शाखा)

९. नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरु कार्यालय प्रमुखको स्वीकृत मर्मत आदेशानुसार मात्र मर्मत गर्ने गराउने व्यवस्था मिलाउने र सो अनुसार भएका मर्मत खर्चको मात्र भुक्तानी व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. कोभिड १९ को रोकथाम र नियन्त्रण तथा २०७७ आषाढ श्रावण महिनाहरुमा वर्षातको कारण अर्जुनधारा नगरपालिका वडा नं ३ लगायतका वडाहरुमा श्रीमान प्रमुखज्यू र श्रीमान उप प्रमुखज्यू लगायत वडा अध्यक्षहरुले स्थानीय बाढी पहिरो र डुबान प्रभावित क्षेत्रमा गई तत्काल नगरि नहुने देखिएको राहत उद्दार र पुनर्स्थापनाका कार्यमा मौखिक आदेश दिई सम्पादन भएका कामको देहायको अनुगमन समितिको प्रतिवेदन (रिजर्भ गाडी भाडा समेत) तथा कार्य सम्पन्न मूल्याङ्कन

समेतका आधारमा नगरपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( योजना शाखा/ प्राविधिक शाखा/ जिन्सी/ स्वास्थ्य)

| | |
|---|---|
| संयोजक | उप प्रमुख |
| सदस्य | सम्बन्धित वडाको वडा अध्यक्ष |
| सदस्य | नगर कार्यपालिका पूर्वाधार विकास समितिको संयोजक |
| सदस्य | नगर कार्यपालिकाको विपद व्यवस्थापन समितिको संयोजक |
| सदस्य | ईञ्जिनियर श्री निरज अधिकारी |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

११. नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आर्थिक वर्ष २०७७/०७८ का लागि प्राप्त बजेटको कार्यान्वयनको सन्दर्भमा तत्काल मूल सडकहरुको नालाको मर्मत सम्भार तथा सरसफाई र वर्षात सुरु भएपछि नगर कार्यपालिकाको कार्यालयबाट बिरुवा व्यवस्थापन (खरिद समेत) गरी सडकको दुवै किनारमा वृक्षारोपण गर्ने र सोको संरक्षण र भोगाधिकार वडा कार्यालयको रोहवरमा तथा टोल विकास समिति मार्फत स्थानीयलाई दिने गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(प्रधानमन्त्री रोजगार कार्यक्रम)

१२. यस नगरपालिकाका मुख्य मुख्य बजार र बस्तीहरुमा सेवा प्रवाह हुने गरी सिसिटिभी र फ्रि वाइफाइ व्यवस्थापन गरी शहरी सुशासन अभिवृद्धि गर्न १ नं प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा प्रस्तावना पेश गर्ने र सोको लागि आवश्यक पर्ने लागत सहभागिता नगरपालिकाको समपूरक कोषबाट व्यहोर्न समेत निर्णय गरियो ।(योजना शाखा)

१३. अर्जुनधारा नगरपालिका वडा नं ५ को देहायको कार्यका लागि मर्मत सम्भार कोषमा विनियोजित बजेटबाट देहयानुसारको भुक्तानी दिने गरी कार्य सम्पनन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( योजना शाखा/ आर्थिक प्रशासन)

क. आनी छोलिङ्ग गुम्बामा शौचालय निर्माण तथा मर्मत गर्ने कार्य रु १ लाख मात्र ।

ख. दुर्गा टोल विद्युत तार व्यवस्थापन र मर्मत गर्ने कार्य रु १ लाख ५० हजार मात्र ।

ग. सतार गाउँमा विद्युत तार व्यवस्थापन र मर्मत गर्ने कार्य रु १ लाख ५० हजार मात्र ।

घ. लक्ष्मीपुर उत्तर शहिद राजन गिरी मार्गको डिभाइडरमा फुलबारी निर्माण तथा मर्मत रु १ लाख मात्र ।

१४. स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ८३ अनुसार यस नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य चौकीहरु समेतको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी समेतका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण र अध्ययनका आधारमा गर्नुपर्ने भएकाले सो कार्यका लागि कार्यालयमा सुचिकृत विज्ञ परामर्शदाताबाट यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को वार्षिक नगर विकास योजनाको प्रशासनिक खर्च तर्फ खर्च शीर्षक नं कर्मचारी प्रोत्साहन सुविधामा विनियोजित रु ४५ लाख मध्येबाट रु १० लाखमा नबढाई खर्च लेख्ने गरी परामर्श सेवा लिई नगर कार्यपालिका बैठक मार्फत आगामी वर्खे नगर सभामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१५. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को वार्षिक नगर विकास योजनाको प्रशासनिक खर्च तर्फ खर्च शीर्षक नं २११३१ कर्मचारी प्रोत्साहन सुविधामा विनियोजित रु ४५ लाख मध्येबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार निम्न बमोजिम कार्यक्रमहरुमा रकमान्तर तथा विनियोजन गरी बजेट संशोधन गर्ने निर्णय गरियो ।( योजना शाखा/ आर्थिक प्रशासन शाखा)

**तपशिल**

| विवरण | खर्च शीर्षक नं | साविक बजेट (रु लाखमा) | थप हुने रकम (रु लाखमा) | संशोधित बजेट (रु लाखमा) |
|---|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको समेत संगठन तथा व्यवस्थापन सर्वेक्षण विशेषज्ञ परामर्श सेवा खरिद | २२४११ | ० | १० | १० |

| | | | | |
|---|---|---|---|---|
| सुखानी राते गोयाङ्ग लगायतका नदीहरुमा नगरपालिका स्वयंले हरेक वडामा ५ कि.मी.का दरले सडक ग्राभल गर्नका लागि नदीजन्य पदार्थ उत्खनन स्थलको आइ.इ.इ. प्रतिवेदनको लागि विशेषज्ञ परामर्श सेवा खरिद | २२४११ | ० | ५ | ५ |
| फर्निचर तथा फिक्चर्स | ३१११५ | ५ | ५ | १० |
| अन्य फिर्ता खर्च | २८२१९ | ० | ५ | ५ |
| सामाजिक सेवा अनुदान (नगरपालिका), आर्थिक सहायता | २७२१९ | १५ | ५ | २० |
| भाडा वडा कार्यालय समेत | २८१४२ | ७ | ३ | १० |
| गाडी भाडा | २८१४३ | ० | ७ | ७ |
| अन्य सम्पत्ति सञ्चालन तथा सम्भार खर्च | २२२९१ | ० | ५ | ५ |

१६. मदन आश्रित मार्गको अर्जुनधारा नगरपालिका वडा नं ४ र ७ मा पर्ने तोकिएको खण्ड कालोपत्रे तथा नाला निर्माण आयोजनाका लागि गत वर्ष बन्दोवस्त भएको ठेक्का अनुसार निर्माण व्यवसायीसँग आयोजना सञ्चालन गर्न ठेक्का सम्झौता गरिएको र ठेक्काबाट बाँकी भएको रकमबाट सोहि खण्डको बाँकी भाग कालोपत्रे तथा नाला निर्माणका लागि उपभोक्ता समितिसँग योजना सम्झौता गरिएकोमा कोभिड १९ को असरका कारण समयमा तोकिएको कार्य सम्पन्न गर्न समस्या भई उक्त कार्य सम्पन्न गर्न कार्यालयबाट २०७७ चैत्र मसान्त सम्म गरिएको म्याद थप सदर गर्ने र उक्त कार्यबाट सृजना हुने दायित्व यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक नगर विकास योजनाको निम्नानुसारको योजनामा विनियोजित बजेटबाट भुक्तानी व्यवस्था गर्ने तथा भुक्तानी हुन नसक्ने सम्मको रकम आगामी नगर सभाबाट बजेट व्यवस्थापन गरी भुक्तानी व्यवस्था गर्ने निर्णय गरियो ।

क. आ व २०७६/०७७ का सम्पन्न हुन बाँकी नगरस्तरीय योजनाहरु अन्तर्गत मदन आश्रित मार्ग ( कालिझोडा शनिश्चरे दहिझोडा अधुरो कालोपत्रे गर्ने कार्य) का लागि विनियोजित बजेट रु ५० लाख

ख. अर्जुनधारा नगरपालिका वडा नं ७ (खर्च शीर्षक नं ८०११२४०१२०७) अन्तर्गत पिपल चोक पश्चिम पश्चिम कालोपत्रेका लागि विनियोजित बजेट रु १५ लाख

ग. अर्जुनधारा नगरपालिका वडा नं ७ (खर्च शीर्षक नं ८०११२४०१२०७) अन्तर्गत पिपल चौक पश्चिम नाला निर्माण निरन्तरता रु ३ लाख २० हजार ४ सय ११ मात्र ।

१७. १ नं प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०७७/०७८ का लागि समपूरक अनुदान अन्तर्गत प्राप्त हुने बजेट रु १ करोडलाई ७० प्रतिशत मानी नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत बजेट अन्तर्गत समपूरक कोषबाट रु ४३ लाख लागत सहभागिता रहने गरी कुल बजेट रु १ करोड ४३ लाख कायम गरी मदन आश्रित मार्गको वडा नं ४ र ७ मा पर्ने खण्डको गत वर्ष सम्झौता भएको बाहेकको निरन्तर खण्डमा कालोपत्रे गर्ने योजना सञ्चालनका लागि प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१८. अर्जुनधारा नगरपालिका वडा नं ३ आइतबारे बजारमा रहेको विद्युत तारको करेण्टबाट दुर्घटना परी घाइते हुनु भएका अमृत खातीलाई औषधोपचारका लागि सम्बन्धित वडाको सिफारिसमा प्रकोप व्यवस्थापन कोषबाट रु ४५,०००/- (पैतालिस हजार ) राहत उपलब्ध गराउने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा/ ३ नं वडा कार्यालय)

१९. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक योजना अन्तर्गत अन्य कार्यपालिकाले सृजना गरेका दायित्वहरु कार्यक्रममा उल्लेखित बजेटको महलमा गत आ.व. को मौज्दातबाट व्यहोरिनेछ भन्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७६/०७७ आषाढ मसान्त भित्र खर्च भई नगरपालिकाको सञ्चित कोषमा फिर्ता भएको (अ.ल्या रकम) बाट निम्नानुसारका कार्यक्रममा बजेट विनियोजन गरी खर्च लेख्ने निर्णय गरियो ।

| विवरण | खर्च शीर्षक नं | साविक बजेट | थप हुने रकम | संशोधित बजेट |
|---|---|---|---|---|
| मेसिनरी तथा औजार उपकरण | ३११२२ | १०००००० | ५००००० | १५००००० |
| एडभान्स सिलाई कटाई तालिम (गत वर्षको क्रमागत) | | ० | ५००००० | ५००००० |

२०. नेपाल सरकार, उद्योग वाणिज्य आपूर्ती मन्त्रालयबाट प्रत्येक स्थानीय तहमा एक औद्योगिक ग्राम स्थापना गर्नका लागि प्रस्ताव आव्हान भएकोमा अर्जुनधारा नगरपालिका वडा नं २ स्थित टाङटिङ खोला उत्तर झेलेनी स्थित करिब १५ विगाहा जग्गामा औद्योगिक ग्राम स्थापना गर्नु उपयुक्त हुने भएकाले उक्त जग्गामा औद्योगिक ग्राम स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय, झापा मार्फत नेपाल सरकारसँग उपभोग सहमति माग गर्ने र सहमति प्राप्त भए पश्चात नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

२१. आजको कार्यपालिका बैठक सञ्चालनका गर्न सभा हल तथा अन्य व्यवस्थापकीय सहयोगका लागि दहिझोडा सामुदायिक वन उपभोक्ता समितिलाई यस बैठक धन्यवाद ज्ञापन गर्दछ ।